मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

पत्र संख्याः-२०७६/७७
चलानी नं:- (शिक्षा) २०० फोन नं: ०६६-४१०१५२

मितिः- २०७७ जेठ २० गते

श्री मध्यनेपाल नगरपालिकास्थित सबै विद्यालयहरू,

विषयः- वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्वत २०७७ असाढ १ गतेबाट लागु हुने गरी नेपाल सरकारले 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरेको र कोभिड-१९ को महामारीको अवस्था र सिर्जित परिस्थितिमा विद्यालय खुला गरी पठन पाठन सञ्चालन गर्ने अवस्था नरहेकोले अर्को व्यवस्था नभएसम्मको लागि बालबालिकाको सिकाइमा वैकल्पिक प्रणालीबाट सहयोग गर्न नेपाल सरकार वा नेपाल सरकारद्वारा गठित समितिहरु, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, गण्डकी प्रदेश, मध्यनेपाल नगरपालिका र स्थानीय प्रशासनबाट निर्धारित संक्रमण नियन्त्रण तथा रोकथामसँग सम्बन्धित सबै मापदण्डहरूको परिपालना गरी देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. स्रोत साधनको पहुँचको अवस्था र अघिल्लो शैक्षिक सत्रको विद्यालयको अभिलेखको आधारमा चालु शैक्षिक सत्र २०७७ मा अध्ययन गर्ने कक्षा एकिन गरी विद्यार्थीहरूलाई तपसीलको समूहमा वर्गीकरण गर्ने र सोको विवरण शिक्षा शाखामा पेश गर्ने ।
   - क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह
   - ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह
   - ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह
   - घ) कम्प्यूटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह
   - ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएको विद्यार्थी समूह

Website: http://madhyanepalmun.gov.np E-mail id: madhyanepalmun@gmail.com

२. समूहगत रूपमा वर्गीकरण गरिएका विद्यार्थीहरूलाई सिकाइमा सहज हुने अवस्था विश्लेषण गरी विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरूको सहजीकरण गर्ने कार्ययोजना निर्माण गरी नगरपालिकालाई उपलब्ध गराए पश्चात कार्यान्वयन गर्ने ।

३. बुँदा नं १ को वर्गीकरण अनुसार नगरपालिकासँग समन्वय गरी आवश्यकतानुसार सिकाइ केन्द्रहरू विद्यालयको सेवा क्षेत्रमा स्थापना गरी सञ्चालन गर्ने ।

४. विद्यार्थीहरूका लागि तयार गरिएका वर्गीकृत समूहहरू अनुकूलका सिकाइ र विद्युतीय सामग्रीहरू उपलब्ध गराउने र उपलब्ध हुने स्थान तथा विवरणको जानकारी विद्यार्थीहरूलाई दिने ।

५. अध्ययन गर्ने कक्षा एकिन गरी विद्यार्थीहरूलाई घरघरमा पाठ्यपुस्तक उपलब्ध गराउने र सोको अभिलेख राख्ने ।(भौतिक दुरी, मास्कको प्रयोग, सावुन पानीले नियमित हात धुने आदि जस्ता पक्षहरुलाई विशेष ध्यान दिने)

६. शिक्षकहरू परिचालन गरी नयाँ तथा पुराना पाठ्यपुस्तकको प्रयोग गरेर पढ्ने वा सिक्ने, सिकाउने कुरामा सहजीकरण गर्ने ।

७. विद्यार्थीको अभ्यास पुस्तिका, सहभागिता र सिकाइको अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन गर्ने ।

८. खुला स्रोतमा आधारित निःशुल्क उपलब्ध हुने अनलाइन तथा अफलाइन सिकाइ व्यवस्थापन प्रणालीहरू प्रयोग गरी आफ्नो सेवा क्षेत्रमा रहेका सबै विद्यार्थीहरुलाई सिक्ने अवसर प्रदान गर्ने ।

९. रेडियो, एफएम रेडियो तथा टेलिभिजनबाट प्रशारण हुने सामग्रीहरूबाट सिक्न प्रशारण हुने समय तालिका बनाइ सिक्नलाई सहयोग गर्ने ।

२०७६/१२/२२

मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार,लमजुङ

गण्डकी प्रदेश,नेपाल

पत्र संख्या:-२०७६/७७

चलानी नं:- (शिक्षा)

फोन नं: ०६६-४१०१५२

१०. विद्यार्थीको वर्गीकरण समूह अनुकूलका सामग्रीहरू शिक्षकहरूले विकास तथा तयारी गरी विद्यार्थीहरूलाई उपलब्ध गराउने ।

११. कोभिड-१९ बाट सुरक्षित रहन गर्नु पर्ने तयारी तथा सावधानी सम्बन्धमा विद्यार्थी तथा अभिभावकलाई सही सूचना दिइ प्रतिरोधात्मक मनोवल उच्च बनाउन सहयोग गर्ने ।

१२. पाठ्यपुस्तकको उपलब्धता, सिकाइका अनलाइन तथा अफलाइन सामग्रीहरू सम्बन्धमा, सिकाइ सहजीकरणमा गरिएका गतिविधि तथा व्यवस्थापकीय प्रबन्धको लागि नियमित रूपमा नगरपालिकासँग सम्पर्क र समन्वयमा रहने ।

२०७६/१२/२२

श्रीप्रसाद भट्टराई

उपसचिव

श्रीप्रसाद भट्टराई
उप-सचिव
शिक्षा शाखा प्रमुख

Website: http://madhyanepalmun.gov.np

E-mail id: madhyanepalmun@gmail.com